**बैठक मितिः २०८३/३/३०**

**बैठक संख्याः ३६**

**<u>छलफल तथा निर्णयहरुः</u>**

१. राष्ट्रिय योजना आयोगबाट मिति २०८२ चैत्र महिना देखी २०८३ असार ३० गतेसम्म सम्पादन भएका प्रमुख कार्यहरुको विवरण आयोगका अध्यक्ष एवम् सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गर्ने।

२. नेपाल सरकारको आर्थिक बर्ष २०८३।८४ को नीति तथा कार्यक्रमको बुँदा नं.९७ मा नीति तथा योजना निर्माणलाई तथ्य र प्रमाणमा आधारित बनाउन राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचना गरी अनुसन्धान र अनुगमनमा केन्द्रित सक्षम र विश्वसनीय सार्वजनिक थिङ्क ट्याङ्क तथा राष्ट्रिय नीति शोधशालाको रुपमा विकास गरिने विषय उल्लेख भएको र आर्थिक बर्ष २०८३।८४ को बजेट बक्तव्यको बुँदा नं. ३९ मा नीति अनुसन्धान प्रतिष्ठानलाई राष्ट्रिय योजना आयोग अन्तर्गत राखी सरकारको दीर्घकालीन नीति निर्माण गर्ने सक्षम निकाय बनाउने विषय कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने।

३. नेपाल सरकारको दीर्घकालीन सोच-२०५० (Nepal Vision-2050) तयार पार्ने प्रयोजनार्थ विभिन्न क्षेत्रका विज्ञहरुसँग परामर्श गर्न आवश्यकता अनुसार विज्ञ समूह गठन गर्ने।

४. आर्थिक व्यवस्थापन महाशाखाबाट पेश भएको सोह्रौं योजनाको मध्यावधि समीक्षा सम्बन्धी अवधारणा पत्र स्वीकृत गर्ने।

५. महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ८८, मिति २०८३/२/२८ को पत्रसाथ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा उपर विद्यायन ऐन,२०८१ को दफा ८ बमोजिम राय/सुझाव उपलब्ध गराउनका लागि लेखी आएकोमा उक्त मस्यौदामा आयोगको सामाजिक विकास महाशाखावाट पेश भए बमोजिम राय सुझाव पठाउने।

६. महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको च.नं. १२०, मिति २०८३/१/१४ को पत्रसाथ लैंगिक हिंसा निवारणका लागि पुरुष सहभागिता रणनीति, २०८३ को मस्यौदा राय/सुझाव उपलब्ध गराउनका लागि लेखी आएकोमा उक्त मस्यौदामा आयोगको सामाजिक विकास महाशाखावाट पेश भए बमोजिम राय सुझाव पठाउने।